**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०६ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- वक्फ कानून विवादबीच मुख्यमन्त्री ममता ब्यानर्जीले मुस्लिम समुदायका मानिसहरुलाई उनीहरुको सम्पत्ति सुरक्षित रहने आश्वासन दिनु भएको छ|

- पश्चिम बंगालमा सुप्रिम कोर्टको फसेलापछि नोकरी गुमाएका शिक्षकहरूले सिलगढीमा आज जिल्ला डीआई कार्यालयमा ताला लगाएर विरोध प्रदर्शन गरेका छन्|

- गोर्खा गौवर संस्थानले नेपाली नयाँ वर्ष तथा पहिलो वैशाखको अवसरमा कालेबुङमा भव्य कार्यक्रमको आयोजना गर्दै १००८ वटा मादल एकसाथ घनकाउने घोषणा गरेको छ।

- एनएच-१० मा मर्मत कार्यका कारण पहिलो दिनमा आज यात्रीहरूले ट्राफिक जामको सामना गर्नु पर्यो|

- भारतीय गोर्खा परिसंघ कालेबुङ क्षेत्रिय समितिको त्रय वार्षिक साधारण सभा आगामी १२अप्रेल २०२५ को दिन आयोजना गरिने भएको छ|

**वक्फ मुख्यमन्त्री**

वक्फ संशोधन अधिनियम देशमा लागू भइसकेको छ। यस अधिनियमको विरोधमा पश्चिम बंगालको जंगीपुरमा हिंसा पनि भयो। यसबीच पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले यस वक्फ कानूनमाथि बयान दिनु भएको छ। मुख्यमन्त्रीले कोलकातामा आयोजित एक कार्यक्रममा भन्नु भयो हाम्रो सम्पत्ति खोस्ने अधिकार कसैलाई छैन, जसरी मलाई पनि अरूको सम्पत्ति लिने कुनै अधिकार छैन। जबसम्म म छु, तपाईहरुको सम्पत्ति पूर्ण रूपमा सुरक्षित छ। मुख्यमन्त्री ब्यानर्जीको यो बयान नयाँ वक्फ कानूनलाई लिएर राज्यमा हिंसा भइ रहेको समय आएको हो। मुख्यमन्त्रीले मानिसहरूसित संयम बनाई राख्ने र कुनैपनि अफवाहमाथि ध्यान नदिने अपील गर्नु भयो। उहाँले भन्नु भयो, आजकल सोशल मीडियामा धेरै झूटा खबरहरू फैलिरहेको छ तर हामी हरेक खबरको सत्यताको जाँच गरेर मात्रै तपाईसम्म सही जानकारी पुऱ्याउँछौं।

****** ० ******

**जंगीपुरमा वक्फ विरोध**

पश्चिम बंगालको जंगीपुरमा वक्फ कानून संशोधनको विरोधमा प्रदर्शनपछि हिजो बेलुका देखि तनाव फैलिएको छ। प्रदर्शनका क्रममा प्रदर्शनकारी र पुलिसबीच झडप भने प्रदर्शनकारीहरुले दुईवटा पुलिस वाहन जलाए र केही घरहरुमा तोडफोड पनि गरेको जानकारी प्राप्त भएको छ। स्थिति नियन्त्रणमा लिन पुलिसले अश्रुग्यास प्रयोग गऱ्यो। बङ्गालका राज्यपाल सी.वी. आनन्द बोसले हिंसा अस्वीकार्य भएको बताउँदै राज्य सरकारलाई कडा कदम चाल्न सल्लाह दिनु भएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशनमा तृणमूल विधायक जाकिर हुसैनले आज जंगीपुर पुगेर स्थितिको समीक्षा गर्नु भयो भने क्षेत्रमा इन्टरनेट सेवा अस्थायी रूपमा बन्द गरिएको छ र ठूलो संख्यामा पुलिस तैनाथ गरिएको छ। पुलिसले २२ जनालाई पक्राउ गरिसकेको छ र जनतालाई शान्ति कायम राख्न अपील गरेको छ।

****** ० ******

**डीआइ कार्यालय घेराउ**

पश्चिम बंगालमा सुप्रिम कोर्टको फसेलापछि नोकरी गुमाएका शिक्षकहरू विरोध प्रदर्शनमा ओर्लिएका छन्। सम्पूर्ण राज्यसँगै सिलगढीमा पनि आज जिल्ला डीआई कार्यालयमा ताला लगाइदिएर उनीहरू विरोध प्रदर्शनमा सामेल भएका हुन्। आज बिहान, नोकरी गुमाएका शिक्षकहरूले हिलकार्ट रोडबाट विरोध र्‍याली शुरू गरे। त्यसपछि, डीआई कार्यालय जानुअघि, आन्दोलनकारीहरूले हाशमी चोक पनि अवरुद्ध गरेका थिए। प्रदर्शनकारीहरूले त्यहाँ केही समय सडक अवरुद्ध गरेर प्रदर्शन गरेका थिए, जसले गर्दा शहरमा केही समयको लागि ट्राफिक जामको स्थिति उत्पन्न हुन पुग्यो। त्यहाँबाट उनीहरू कलेजपाडास्थित डीआई कार्यालय गएका थिए। जिल्ला डीआई कार्यालयमा पुग्दा पुलिसले उनीहरूलाई रोक्ने प्रयास गर्‍यो। केहीबेर पुलिससँग झमेला भएपछि शिक्षकहरूले डीआई कार्यालय अगाडिको बाटो अवरुद्ध गरेका थिए। त्यसपछि प्रदर्शनकारीहरूले कार्यलयभित्र पसेर त्यहाँ ताला लगाइदिँदै आफ्नो प्रदर्शन जारी राखे। उनीहरूले यस मामिलामा तत्काल कुनै पदक्षेप नचालिए आगामी दिनमा वृहत आन्दोलनमा ओर्लिने बताएका छन्।

****** ० ******

**मादल-पहिलो वैशाख**

गोर्खा गौवर संस्थानले नेपाली नयाँ वर्ष तथा पहिलो वैशाखको अवसरमा कालेबुङमा भव्य कार्यक्रमको आयोजना गर्दै १००८ वटा मादल एकसाथ घनकाउने घोषणा गरेको छ। नेपाली संस्कृतिमा विशिष्ट स्थान राख्नेको मादलको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले संस्थानले यो कार्यक्रमको तयारी गरिरहेको बताइएको छ। संस्थानका संयोजक प्रण्य गुरूङले आज पत्रकार सम्मेलनमार्फत कार्यक्रमको जानकारी दिनु हुँदै मादलको संरक्षणमा जोड दिनु भयो। श्री गुरूङले भन्नु भयो "मादल नेपाली पहिचानसँग जोड़िएको वाद्यवादन हो, तर पछिल्लो समयमा यसको प्रयोग घट्दै गएको छ। त्यसैले हामीले यस नयाँ वर्षमा मादललाई फेरि नयाँ जीवन दिन १००८ वटा मादल घनकाउने निर्णय गरेका छौं।" कार्यक्रमको तयारीस्वरूप संस्थानले हाल कालेबुङको डम्बर चोकमा स्थानीय बासिन्दा, युवा तथा संस्कृति प्रेमीहरूलाई मादल बजाउन प्रशिक्षण दिइरहेको छ। उहाँले भन्नु भयो "प्रतिदिन विभिन्न उमेर समूहका व्यक्तिहरू प्रशिक्षणमा सहभागी भइरहेका छन्। जसले गर्दा मादल बजाउने परम्परा पुनः जीवित हुने विश्वास लिएका छौं।"यस कार्यक्रमको लागि समला र चुड्के ताल सिकाउने तयारी गरिएको छ। संस्थाले सबैलाई कार्यक्रममा सहभागिता जनाउन आह्वान गर्दै मादल बजाउन इच्छुक जो-कोहीले डम्बर चोकमा आएर प्रशिक्षण लिन सक्ने जनाएको छ।

****** ० ******

**दिलाराममा पहिलो बैशाख शोभा यात्रा**

दिलाराम गोर्खे हाट समितिका सदस्यहरूले दिलाराममा आउँदो नयाँ वर्ष २०८२ सालको पहिलो बैशाखको दिनमा एउटा शोभा यात्रा आयोजना गर्ने भएका छन्। यस शोभा यात्रा पहिलो बैशाखको दिन बिहानको १० बजी दिलाराम पटेल स्कूल छेउबाट शुरु गरेर अरिङगले सम्म गएर फेरि गोर्खे हाट परिसर सम्म आउने निधो गरिएको छ। शोभा यात्रा सकिए पछि केहि गीत, संगीत साथै सांस्कृतिक नृत्य अनि छोटो वक्तव्यहरू पनि गरिने भएको छ। यस शोभा यात्रामा दिलाराम भेगका सम्पूर्ण जाति प्रेमी महानुभावहरूलाई केहि समय निकालेर आफ्नै जातिय भेषभुषामा उपस्थित भइ यस शोभा यात्राको गरिमा बढ़ाइदिनु हुन भनि आयोजक समितिको तर्फबाट अनुरोध गरिएको छ।

****** ० ******

**राष्ट्रिय राजमार्ग-11**

राष्ट्रिय राजमार्ग दसको विभिन्न स्थानमा एनएचआइडीसीएल द्वारा आवश्यकीय मरम्मत्ती कार्य गर्नलाई वाहनहरुको चलाचलमाथि जिल्ला प्रशासनले दिएको निर्देशको आज पहिलो दिन राजमार्गमा धेरै असर परेको थियो। धेरै वाहनहरु आज अन्य वैकल्पिक मार्ग भएर कालेबुङ अनि सिलगडीको यात्रा गरिएको देखियो भने कतिपय वाहनहरु भने राजमार्गमा जाममा फस्न पुगेको पनि देखियो। प्रशासनले अघिबाटै 9, 10, 17, 18 अनि 19 अप्रेलको दिन कार्य गरिने भएकाले यात्रीहरुलाई विशेष जानकारी साथै दिशा निर्देश जारी गरिसकेको छ भने यो अवधी राजमार्ग भएर यात्रा गरे धेरै समयसम्म जाममा फस्नपर्ने स्पष्ट देखिएको छ। आज पहिलो दिन धेरै यात्री तथा पर्यटकहरुले जाममा फस्न परेको देखिएको छ|

****** ० ******

## कालेबुङ नगरपालिका बैठक

कालेबुङ नगरपालिकामा स्वच्छ शहर अभियान अन्तर्गत एक महत्वपूर्ण बैठक सम्पन्न भयो। बैठकमा दार्जीलिङ र कालेबुङ जिल्लाका सबै नगरपालिका अन्तर्गतका आईसी कोर्डिनेटर, सेनिटरी इन्स्पेक्टर, र निर्मल साथीहरू सहभागी भए। राज्य सरकारले चलाइरहेको सलिड वेस्ट म्यानेजमेन्ट (SWM) योजनामा 'हर घरबाट मैला उठाउने' कार्यक्रम सञ्चालन भइरहेको छ। यसमा निर्मल साथी र निर्मल बन्धुहरूले घर–घरमै पुगेर फोहोर संकलन गर्दै आएका छन्।बैठकमा 'स्वच्छता एप' अभियानबारे जानकारी दिइयो र पसल, होटल, कार्यालय जस्ता ठाउँबाट फोहोर कसरी व्यवस्थित गर्ने भन्ने विषयमा प्रशिक्षण दिइयो। व्यापारीहरूलाई सफाइबारे जानकारी दिने तरिका पनि सिकाइयो।

****** ० ******

## भारतीय गोर्खा परिसंघ

भारतीय गोर्खा परिसंघ कालेबुङ क्षेत्रिय समितिको त्रय वार्षिक साधारण सभा आगामी १२अप्रेल २०२५ को दिन गोर्खा दुःख निवारक सम्मेलन भवनमा आयोजना गरिने कार्यकारी अध्यक्ष कुमार भुषालले बताउनु भएको छ। यस सभामा सम्पूर्ण सदस्यवर्गका लागि सभामा उपस्थित भइदिन मूल सचिव पी के प्रधानले आह्वान गर्नु भएको छ। यस सभामा भारतीय गोरखा परिसंघ कालेबुङको निम्ति नयाँ कार्यकारी समितिको चयन प्रक्रिया गरिने पनि बताइएको छ।

****** ० ******

## प्राणी क्वारेन्टाइन सेन्टर

पूल बिजनबारी खण्ड अन्तर्गत रिम्बिक लोधोमा समष्टिभित्र पर्ने लोधोमा ग्राम पंचायत दुईको फेदीखोला गाउँमा निर्माणधीन प्राणी क्वारेन्टाइन सेन्टरको आज निरीक्षण गरिएको छ। निरीक्षणमा लोधोमा ग्राम पञ्चायत २ का समिति सदस्य थिले शेर्पा, आशा सुब्बा, प्राणी सम्पदा विभागका कर्मचारी र इन्जिनियरहरू सहभागी थिए। यो सेन्टर नेपाल-भारत सिमाना नजिकै बनिरहेको छ। सिमापारिबाट ल्याइने रोगी जनावरहरूको भारत प्रवेश रोक्ने उद्देश्यले पशुप्राणीहरूको स्वास्थ्य परीक्षण गर्न सेन्टर बनाइएको हो। समिति सदस्य थिले शेर्पा अनुसार सेन्टर सञ्चालनमा आएपछि स्थानीयहरुले रोजगार पाउने छन्। पशु चिकित्सक, कर संकलनकर्ता र चौकीदारको व्यवस्था गरिनेछ। संकलित कर पञ्चायत क्षेत्रको विकासमा प्रयोग गरिनेछ।

****** ० ******